जिल्ला विकास समिति महासंघ नेपाल
Association of District Development Committees of Nepal
(ADDC/N)
1994
२०५१

Ref. No.:- 230
065/65

Date: २०६५।२।१०

## प्रेस-विज्ञप्ती

मिति २०६५ साल जेष्ठ १० गते शुक्रवार जिल्ला विकास समिति महासंघ नेपालका कार्यवाहक अध्यक्ष श्री ऋषिराज लुम्सालीज्यूको अध्यक्षतामा महासंघको सचिवालय सानेपामा बसेको कार्यसमितिको वैठकले गरेका महत्वपूर्ण निर्णयहरु सार्वजनिक गर्ने उद्देश्यले यो प्रेस विज्ञप्ती जारी गरिएको छ।

१. जिविस महासंघ नेपालका अध्यक्ष श्री कृष्णप्रसाद सापकोटाले संविधान सभा निर्वाचनमा काभ्रे जिल्ला निर्वाचन क्षेत्र नं. ३ बाट संविधानसभा सदस्यमा निर्वाचित हुनुभएको कारण देखाई पेश गर्नुभएको राजिनामा उपर छलफल भई सर्वसम्मतीले स्वीकृत गर्ने निर्णय गरियो।

२. श्री कृष्णप्रसाद सापकोटाले महासंघको अध्यक्षको पदीय हैसियतमा निर्वाह गर्नुभएको भूमिकाको उच्च मूल्याङ्कन गर्दै संविधान सभामा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै यो वैठक उहाँको कार्यकालको सफलताको कामना गर्दछ।

३. नयाँ निर्माण गरिने संविधानमा राज्यको पुनसंरचना र स्थानीय स्वायत्त शासन सम्वन्धी अवधारणा लिपीवद्ध गराउन क्षेत्रीय र राष्ट्रिय स्तरमा सघन छलफललाई अगाडी बढाउने निर्णय गरियो।

४. अन्तरिम संविधानको भावना अनुसार मनोनित हुने २६ जना सभासदमा विगत १६ वर्षदेखि विकेन्द्रीकरण र स्थानीय स्वायत्तताको क्षेत्रमा विशेषज्ञता हासिल गरेको जिविस महासंघ नेपाल समेतको तर्फबाट संविधानसभामा प्रतिनिधित्व गर्नका लागि नेपाल सरकार समक्ष माग गर्ने निर्णय गरियो।

५. आगामी २०६५ साल जेष्ठ १३ गते विगतमा स्थानीय निकायमा काम गरी अनुभव हासिल गर्नुभई हाल ऐतिहासिक संविधानसभाको निर्वाचनमा निर्वाचित सभासद र नेपाल पत्रकार महासंघका नवनिर्वाचित पदाधिकारीहरु बीच नयाँ संविधानमा राज्यको पुनसंरचना र स्थानीय स्वायत्तताको अवधारणाबारे अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने निर्णय भयो। सो कार्यक्रममा नवनिर्वाचित संविधानसभा सदस्यहरु, नवनिर्वाचित पत्रकार महासंघका पदाधिकारीहरुको स्वागत, निवर्तमान अध्यक्ष कृष्णप्रसाद सापकोटाको बिदाई कार्यक्रम समेत आयोजना गर्ने निर्णय भयो।

कृष्णप्रसाद जैसी
प्रवक्ता

पत्राचार ठेगाना : सानेपा मोड, ललितपुर, नेपाल, पो.ब.नं. : १२०२२, फोन: ५५५४०८१, ५५२९२०२, फ्याक्स: ००९७७-१-५५४८४६९
Mailing Address:- Sanepa Mode, Lalitpur, Nepal, P.O. Box # 12022, Phone: 5554081, 5529202, Fax: 00977-1-5548469, E-mail: addcn@addcn.org